# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या ०७५/०७६

चलानी नं. ५८८

फोन नं. ०६३-४००१७७


मितिः २०७५/०६/१६

विषयः दरभाउपत्र आब्हान सम्बन्धी सूचना !

**द्वितिय पटक सूचना प्रकाशित मिति २०७५।०६।१७**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा भीरकोट नगरसभाको मिति २०७५/०३/२१ को निर्णय अनुसार यस भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को लागी निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, विक्री, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै वोलपत्र फाराम खरिद गरि रीतपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

**ठेक्का नं. २-२०७५/०७६ को ढुगा गिट्टी वालुवा विक्री तथा निकासी शुल्कः**

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | आर्थिक वर्ष २०७५/०७६ को लागि न्यूनतम अंक रु (मु.अ.कर बाहेक) | वोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १ | २.१ | हेलु कालिका अस्पताल देखि वेगमति दह सम्म | १०,००,०००/- | १०००/- |
| २ | २.२ | वेगमति देखि कैनीरह सम्म | ७००,०००/- | १०००/- |

**शर्तहरुः-**

१) दरभाउपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन (२०७५/०६/२३) भित्र चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी लिखित निवेदन साथ माथि उल्लेखित दस्तुर(फिर्ता नहुने) तिरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्र वोलपत्र ८ औ दिन मिति २०७५/०६/२४ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा वोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । वोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य ततपश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको २.५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको मेगा बैंक लि.; बयरघारी, स्याङ्जा १०६००१०००५८९८ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्रहरु पेश गर्ने अन्तिम दिनको अपरान्ह १ बजे वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको वोलपत्र फाराम भरी आएको, वोलपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको वोलपत्र उपर कुनै कारवाही हुने छैन । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको मु.अ.कर बाहेकको रकम अंक.र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा अनिवार्य दस्तखत र छाप हुनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

६) दरभाउपत्र स्वीकृत भएपछि कबोल अंकको ५% ले हुने रकम मेगा.बै.लि.स्याङ्जा शाखा स्थित यस कार्यालयको नामको धरौटी खाता नं. १०६००१०००५८९८ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र(Performance Bond) सम्झौता गर्नु अघि पेश गर्नुपर्नेछ ।

७) दरभाउपत्र स्विकृत भएमा स्वीकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको मेगा बैंक लिमिटेड, वयरघारी, स्याङ्जा शाखामा रहेको खाता नं. १०६००१०००५९०१ ग.४.१ खातामा जम्मा गरेको सक्कलै बैक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७५ श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमूष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिन सकिने छ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७५ साल कार्तिक मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७५ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

८) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरेसम्म दरभाउपत्र मा भाग लिन पाउने छैनन ।

९) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क वोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

१०) प्राप्त दरभाउपत्र हरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत् गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११) ढुङ्गा, गिट्टी र वालुवाको परिमाण IEE मा तोके भन्दा बढी उत्खनन तथा संकलन गर्न पाईने छैन, उक्त उत्खनन तथा संकलन गर्ने अवधी ०७५ असोज २४ गते देखि ०७६ जेष्ठ मसान्त सम्म रहनेछ साथै तत सम्बन्धी कार्य गर्दा नदीजन्य पदार्थ उत्खनन ओसार पसार तथा बिक्री वितरण गर्ने कार्यविधी बमोजिम गर्नुपर्नेछ ।

१२) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिका बाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ

१३) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखा वा आर्थिक प्रशासन शाखामा सम्पर्क गर्न सकिने छ ।

धर्मराज ढुंगाना
प्रमुख प्रशासकिय अधिकृत
भीरकोट नगरपालिका
स्याङ्जा